# आ.व. २०७५/०७६ को

# पाँचौ गाउँसभा बाट पारित संशोधन, रकमान्तर

# तथा थप कार्यक्रम तथा बजेट

सुनिलस्मस्मृति गाउँपालिका

सुलिचौर, रोल्पा

प्रदेश नं. ५

२०७५/०९/०१

# सुनिलस्मृति गाउँपालिका

## सुलिचौर, रोल्पा

# पुरक विनियोजन ऐन

२०७५

## सुनिलस्मृति गाउँपालिकाको पुरक विनियोजन विधेयक

## सुनिलस्मृति गाउँपालिका आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन ऐन २०७५ मा केही संशोधन गर्नु पर्ने भएकोले सो सम्बन्धमा व्यवस्था गर्न बनेको पुरक विनियोजन ऐन २०७५

सभाबाट स्वीकृत मितिः २०७५।०९।०१

**प्रस्तावनाः**

सुनिलस्मृति गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम सुनिल स्मृति गाउँपालिकाको गाउँ सभाले यो पुरक विनियोजन ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "सुनिल स्मृति गाउँपालिकाको पुरक विनियोजन विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखा तथा विभिन्न साझेदार संघ संस्थाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३,८५,२३,७५१/– (अक्षेरुपी तिन करोड पचासी लाख तेइस हजार सात सय एकाउन्न रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त सुनिल स्मृति गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र

ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि–१

### (दफा २ संग सम्बन्धित)

### नेपालको संविधानको धारा २२९ (२) बमोजिम
### संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | - | १,९७,८५,००० | - | १,९७,८५,००० |
| २ | | वडा समिति | - | १,४७,३८,७५१ | - | १,४७,३८,७५१ |
| ३ | | विषयगत शाखा | - | ४०,००,००० | - | ४०,००,००० |
| ४ | | ऋणको सावा ब्याज भुक्तानी | - | - | - | - |
| ५ | | सामाजिक सुरक्षा भत्ता | - | - | - | - |
| ६ | | ससर्त | - | - | - | - |
| ७ | | लगानी (शेयर/ऋण) | - | - | - | - |
| जम्मा | | | - | ३,८५,२३,७५१ | - | ३,८५,२३,७५१ |

## सुनिलस्मृति गाँउपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक (प्रथम संशोधन) ऐन २०७५

कार्यपालिकाबाट स्वीकृत मिति २०७५।०९।०१

**प्रसतावनाः**

सुनिलस्मृति गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले

नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम सुनिलस्मृति गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक (प्रथम संशोधन) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन सुनिलस्मृति गाउँपालिकाको क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **आर्थिक ऐन, २०७५ को दफा ४ मा संशोधनः** आर्थिक ऐन, २०७५ को दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ।

"४. **बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, मेशिनरी औजार, जग्गा, पोखरी वा अन्य कुनै वस्तु पूरै वा आंशिक तवरले वहालमा लिएकोमा अनुसूची (३) वमोजिम वहाल कर लगाइने र असूल गरिनेछ।"

३. **आर्थिक ऐन, २०७५ को अनुसुची ३ मा संशोधनः** आर्थिक ऐन, २०७५ को अनुसुची ३ को सट्टा देहायको अनुसुची ३ राखिएको छ।

**"अनुसूचि (३)**

**आर्थिक ऐन २०७५ दफा, ४ सँग सम्बन्धित**

**नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम**

**बहाल कर दरः**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, मेशिनरी औजार, जग्गा, पोखरी वा अन्य कुनै वस्तु पूरै वा आंशिक तवरले वहालमा लगाएकोमा बहाल रकमको १० प्रतिशतका दरले बहाल कर लगाइने र असूल गरिनेछ।"

४. **आर्थिक ऐन, २०७५ को अनुसुची ११ मा संशोधनः** आर्थिक ऐन, २०७५ को अनुसुची ११ को क्र.स ४० मा रहेको "ठेक्का इजाजतपत्र दस्तुर 'घ' वर्ग" को देहाय नं ३ मा रहेको इजाजतपत्र नविकरण दस्तुर रु १०,००० /– को सट्टा रु ३५००/– कायम गरिएको छ ।

## आ.व. २०७५/०७६ को थप बजेट र कार्यक्रमहरु

यस सुनिललस्मृति गाउँपालिकाको आ.व. २०७४/७५ मा वित्तीय समानीकरण, राजश्व वाडफाड, आन्तरिक श्रोत बाट प्राप्त रकम मध्ये खर्च हुन नसकी गाउँपालिकाको संचित कोष खातामा फिर्ता हुन आएको तथा गत आ.व. को अन्त्यमा वडाहरुबाट विभिन्न शिर्षकमा आम्दानी वापतको संचित कोषमा जम्मा हुन आएको रकम समेत कुल रु. ३,८५,२३,७५१/- (तिन करोड पचासी लाख तेईस हजार सात सय एकाउन्न रुपैया) मात्र रकम बाट निम्नानुसारका शिर्षकहरुको कार्यक्रम तथा आयोजनाहरुमा खर्च गर्ने गरी मिति २०७५/०६/०५ गते बसेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र मिति २०७५/०६/१७ गतेको कार्यपालिका बैठकबाट निर्णय भई पेश हुन आएको कार्यक्रम तथा योजनाहरुमा खर्च गर्ने गरी स्वीकृतिको लागि आजको सभामा पेश गरेको छु।

**तपशिल**

कुल बजेट रु. ३,८५,२३,७५१/- (तिन करोड पचासी लाख तेईस हजार सात सय एकाउन्न रुपैया)

१. गत आ.व. मा खर्च हुन नसकी वडाहरुबाट संचित कोषमा फिर्ता हुन आएको निम्नानुसारको रकम बाट सम्बन्धित वडाहरूले नै वडा समितिबाट निर्णय गरे बमोजिम खर्च गर्ने गरी रकम पुन: फिर्ता गर्ने रु. ४९,८९,०००/-

निम्न:

वडा नं. :१ रु. १,५०,०००/-
वडा नं. २: रु. १,५०,०००/-
वडा नं. ३ रु. ४,००,०००/-
वडा नं. ४ रु. १२,७५,०००/-
वडा नं. ५ रु. १३,२५,०००/-
वडा नं. ६ रु. ७,७३,०००/-
वडा नं. ७ रु. २,५०,०००/-
वडा नं. ८ रु. ६,६६,०००/-

२. मिति २०७५/०६/१७ गते बसेको कार्यपालिकाको बैठक बाट निर्णय भई पेश हुन आएका निम्नानुसारका विभिन्न आयोजनाहरु निर्माणको लागी बिस्तृत परियोजना प्रतिवेदन (DPR) मा खर्च गर्ने गरि रु. ५०,००,०००/- (पचास लाख) मात्र

निम्न:

क. सडक: रु. २०,००,०००/- (बिस लाख)
ख. पक्कि पुल: रु. १०,००,०००/- (दस लाख)
ग. बस पार्क: रु ५,००,०००/- (पाँच लाख)
घ. गाउँपालिका भवन (Soil Test) समेत: रु. १५,००,०००/- (पन्ध्र लाख)

३. बसपार्कको लागि DPR सम्पन्न भई सकेपछि सो बसपार्क निर्माणको लागि रु. ५०,००,०००/- (पचास लाख)

४. सुलिचौर बजार हाट-बजार व्यवस्थापनको लागि रु. ५,००,०००/- (पाँच लाख)

५. विभिन्न संघ संस्थाहरु बाट संचालन हुने योजनाहरुमा सम्पुरक कोष बापत उपलब्ध गराउनको लागि रु. ४०,००,०००/- (चालिस लाख)

६. सुलिचौर बजार खानेपानी योजना मर्मत तथा सम्भारको लागि रु.५,००,०००/- (पाँच लाख)

७. अरेश कोईरालखर्क मो.बा.को बाँकी कामको लागि रु. १३,५०,०००/- (तेह्र लाख पचास हजार)
८. अरेश तेवाङ जोडने मो.बा.को बाँकी कामको लागि रु. ६,५०,०००/- (छ लाख पचास हजार)
९. जुगे खोला देखि बसपार्क सम्मको मो.वा. स्तर उन्नति रु. १,३५,०००/- (एक लाख पैतिस हजार)
१०. सुलिचौर बजार पिपल बोट चौतारी निर्माण रु. १,५०,०००/- (एक लाख पचास हजार)
११. सुलिचौर प्राथमिक स्वास्थ्य केन्द्र सुत्केरी कुरुवा घर अधुरो निर्माण रु. ५,००,०००/- (पाँच लाख)
१२. कवालिगाउँ गाउँघर क्लिनिक संचालन व्यवस्थापन रु. २,००,०००/- (दुई लाख)
१३. गाउँपालिकाको आवधिक योजना निर्माणको लागि अनुसन्धान परामर्श खर्चको लागि रु. १५,००,०००/- (पन्ध्र लाख)
१४. प्रेस सल्लाहकार नियुक्ति पारिश्रमिक रु. ३,००,०००/- (तिन लाख)
१५. सबै वडाहरुलाई आवश्यकता अनुसारको योजना छनौट गरि निर्माण गर्न वडा नं. १, ३, ४, ५, ६, ७, ८ लाई रु. १२,००,०००/- (बाह्र लाख) का दरले रु. ८४,००,०००/- (चौरासी लाख) र वडा नं. २ लाई रु. १३,४९,७५१/- (तेह्र लाख उन्चास हजार सात सय एकाउन्न) समेत सबै जम्मा रु. ९७,४९,७५१/- (सन्तानब्वे लाख उन्चास हजार सात सय एकाउन्न)
१६. गाउँपालिका अन्तर्गतका विषयगत कार्यालयहरुलाई आवश्यता अनुसारको लक्षित कार्यक्रम संचालन गर्नको लागि रु. ४०,००,०००/- (चालिस लाख) मध्ये:

क. शिक्षा शाखा: रु. ७,००,०००/- (सात लाख)
ख. कृषि शाखा: रु. १०,००,०००/- (दस लाख)
ग. पशु सेवा शाखा: रु. ५,००,०००/- (पाँच लाख)
घ. स्वास्थ्य शाखा: रु. १०,००,०००/- (दस लाख)
ङ. महिला शाखा: रु. ३,००,०००/- (तिन लाख)
च. बहु क्षेत्रिय पोषण कार्यक्रम: रु. ५,००,०००/- (पाँच लाख)

**मिति २०७५/०९/०१ गते पाँचौ गाउँसभामा विभिन्न वडाहरु बाट नाम संशोधन तथा रकमान्तर गर्न स्वीकृतीको लागि पेश भएका कार्यक्रमहरु:**

यस गाउँपालिकाको चौथो गाउँसभाबाट चालु आ.व. २०७५/०७६ को लागि स्वीकृत भएको केहि कार्यक्रम तथा योजनाहरुको नाम संशोधन तथा रकमान्तर गर्न आवस्यक भएको भनि सम्बन्धित वडा कार्यालयबाट वडा समितिको निर्णय सहित पेश भई आएकोमा मिति २०७५/०८/२३ गते बसेको कार्यपालिका बैठकबाट निर्णय अनुमोदन भई स्वीकृतिको लागि पेश हुन आएको उक्त नाम संशोधन तथा रकमान्तर गरिएको खर्च शिर्षक रकम लाई स्वीकृतिको लागि आज बसेको पाँचौ गाउँसभा बैठकमा पेश गरेको छु ।

**तपशिल:**

**वडा नं. १:**

| साविक भएको | | | संशोधन हुनु पर्ने | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **योजनाको नाम** | **रकम** | **क्र.सं.** | **योजनाको नाम** | **रकम** |
| १ | कलङ्खोला र झेपरखोलामा ग्याबिन तारजाली योजना | १,००,०००/- | १ | घोडाखोला घोडागाउँ विकासे कुलो मर्मत योजना | १,००,०००/- |
| २ | थुम्पाकी लेख उर्लिखोला मो.बा. योजना | १,००,०००/- | २ | उर्लीखोला लेख थुम्पाकी मो.बा. योजना | १,००,०००/- |
| ३ | सिमखोला मो.बा. योजना | १,००,०००/- | ३ | थुम्पाकी सिमखोला मो.बा. योजना | १,००,०००/- |

**वडा नं. २ (नाम परिवर्तन मात्र):**

| साविक भएको | | | संशोधन हुनु पर्ने | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **योजनाको नाम** | **रकम** | **क्र.सं.** | **योजनाको नाम** | **रकम** |
| १ | खुंग्री कलेरी खोला खा.पा. मर्मत योजना | - | १ | खुंग्री खानेपानी रीजर्व टंकी निर्माण योजना | - |
| २ | खुंग्री स्वास्थ्य चौकी स्वास्थ्य सम्बन्धि कार्यक्रम | - | २ | स्वास्थ्य चौकी अ.न.मी. तथा ल्याबका कर्मचारीलाई तलब भत्ता | - |

**वडा नं. ३ (नाम परिवर्तन मात्र):**

| साविक भएको | | | संशोधन हुनु पर्ने | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **योजनाको नाम** | **रकम** | **क्र.सं.** | **योजनाको नाम** | **रकम** |
| १ | श्री चन्द्रप्रभा मा.वि. तारबार तथा रंगरोगन योजना | - | १ | भवन निर्माण | - |
| २ | श्री बिमदपुन्ज प्रा.वि. कम्पाउन्डवाल निर्माण योजना | - | २ | कोठा थप | - |
| ३ | काभ्रा गजुल खोला साबिक १ | - | ३ | काभ्रा गजुल खोला साबिक २ | - |
| ४ | मोटर बाटो निर्माण योजना साबिक मिझिङ ६ कटुवाल सम्म | - | ४ | गोरेटो बाटो निर्माण योजना साबिक मिझिङ ६ कटुवालटोल सम्म | - |

वडा नं. ४:

| साविक भएको | | | संशोधन हुनु पर्ने | | |
|---|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | रकम | क्र.सं. | योजनाको नाम | रकम |
| १ | धनचौर सहायक मोटरबाटो निर्माण | २,००,०००/- | १ | धनचौर तेवाङ जोड्ने अरेश खोला RCC पुल निर्माण | २,००,०००/- |

वडा नं. ५:

| साविक भएको | | | संशोधन हुनु पर्ने | | |
|---|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | रकम | क्र.सं. | योजनाको नाम | रकम |
| १ | गाउँघर क्लिनिक कवालीगाउँ कर्मचारी व्यवस्थापन | २,००,०००/- | १ | कवालीगाउँ गाउँघर क्लिनिक व्यवस्थापन | २,००,०००/- |
| २ | लेखा प्रणाली सम्बन्धी व्यवस्थापन कार्यक्रम | ३,००,०००/- मध्ये | १ | घोरन्ते खा.पा. मर्मत योजना | २,५०,०००/- |
| | | | २ | लेखा प्रणाली सम्बन्धी व्यवस्थापन कार्यक्रम | ५०,०००/- |

वडा नं. ६:

| साविक भएको | | | संशोधन हुनु पर्ने | | |
|---|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | रकम | क्र.सं. | योजनाको नाम | रकम |
| १ | फुल्धारा सिंचाई पोखरी योजना | २,००,०००/- | १ | सिम आरुखारा सिंचाई योजना थप | १,००,०००/- |
| | | | २ | फुल्धारा सिंचाई पोखरी पाईप खरिद योजना | १,००,०००/- |
| २ | ६. नं. वडापालिका भित्रका सडक मर्मत योजना | १०,००,०००/- | २ | सुनिलमार्ग मर्मत योजना गजुलकोट | १०,००,०००/- |
| ३ | भनारे पोखरी देखि सुनिलमार्ग सम्म सोलिंग बाटो निर्माण | २,००,०००/- | ३ | भनारे पोखरी देखि सुनिलमार्ग जोड्ने मोटर बाटो | २,००,०००/- |
| ४ | महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य चौकी व्यवस्थापन चौकी | १,६०,०००/- | ४ | महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य चौकी व्यवस्थापन ल्याब कर्मचारी पारिश्रमिक | १,६०,०००/- |

वडा नं. ७:

| साविक भएको | | | संशोधन हुनु पर्ने | | |
|---|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | रकम | क्र.सं. | योजनाको नाम | रकम |
| १ | कुकुर गारे इन्टेक मर्मत योजना | १,८०,०००/- | १ | कुकुर गारे खा.पा. मर्मत तथा सुधार योजना | १,८०,०००/- |

**वडा नं. ८:**

| साविक भएको | | | संशोधन हुनु पर्ने | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **योजनाको नाम** | **रकम** | **क्र.सं.** | **योजनाको नाम** | **रकम** |
| १ | प्रा.वि. चिन्ने भवन मर्मत तथा तारजाली | २,००,०००/- | १ | प्रा.वि. चिन्ने सम्म मोटर बाटो निर्माण | २,००,०००/- |

यस गाउँपालिकाको आ.व. २०७४/०७५ मा वित्तीय समानीकरण, राजश्व बाडफाड, अन्तरिक श्रोत बाट प्राप्त रकम मध्ये खर्च हुन नसकी आ.व. को अन्त्यमा गाउँपालिकाको संचित कोष खातामा फिर्ता हुन आएको तथा गत आ.व. मा वडाहरुको लागि योजना तथा कार्यक्रम संचालन गरी सम्पन्न गर्न बजेट विनियोजन भएकोमा काम हुन नसकी वडाहरुको रकम संचित कोष खातामा जम्मा रहेको रकम समेत मिति २०७५/०६/१७ गते बसेको कार्यपालिका बैठकबाट विनियोजन भएको रु.१,४७,३८,७५१/- (एक करोड सत्चालिस लाख अड्तीस हजार सात सय एकाउन्न) मात्र रकम मध्ये बाट सबै वडाहरुको वडा समितिको बैठकबाट बाडफाड भई निम्नानुसारको कार्यक्रम तथा योजनाहरुमा रकम खर्च गर्ने गरी स्वीकृतिको लागि आजको पाँचौ गाउँसभामा पेश गरेको छु ।

<u>तपशिल:</u>

**वडा नं. १**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | घोडागाउँ उर्लिखोला खानेपानी योजना | ६,५०,०००/- | |
| २. | धाराबाङ सिंचाई कुलो मर्मत योजना | २,००,०००/- | |
| ३ | धाराबाङ थुम्पाकी धरमपानी कृषि सडक स्तरोन्नती | ३,००,०००/- | |
| ४ | कलमखोला पन्चिकोट हुदै धरमपानी जोड्ने मो.बा. योजना | २,००,०००/- | |
| **जम्मा** | | **१३,५०,०००/-** | |

**वडा नं. २**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | खुंग्री खानेपानी रिजर्ब टंकी निर्माण | ६,००,०००/- | |
| २ | बाझो ऐलानी जाग्गा खोजतलास तथा रेखाङ्कन | २,००,०००/- | |
| ३ | त्रिपुरासुन्दरी देवि मन्दिर टायल बिच्छाउन | ५०,०००/- | |
| ४ | लामाचौर तल्लो खण्ड मो.बा. निर्माण | १,००,०००/- | |
| ५ | खेलकुद सामग्री खरिद | ५०,०००/- | |
| ६ | व्यवसायिक तालिम संचालन कार्यक्रम | १,००,०००/- | |
| ७ | दुना टपरी तालिम कार्यक्रम | २,९९,७५१/- | |
| ८ | सिलाई कटाई तालिम कार्यक्रम | १,००,०००/- | |
| **जम्मा** | | **१४,९९,७५१/-** | |

**वडा नं. ३**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | RCC भवन निर्माण (मा.वि. मिझिङ) | ८,००,०००/- | |
| २ | मो.बा. स्तरोन्नति (लम्पुजा देखि घायथान सम्म) | ३,००,०००/- | |

| | | | |
|---|---|---|---|
| ३ | तारजाली घेराबर (सिंचाई पोखरी खाराखेत) | १,८०,०००/- | |
| ४ | खा.पा. मर्मत (तल्लोखाडा) | २०,०००/- | |
| ५ | रंगरोगन (वडा कार्यालय भवन) | २,००,०००/- | |
| ६ | RCC बाटो निर्माण (फगाम खोला पुल देखि रुईनिबाङ सम्म) | १,००,०००/- | |
| | **जम्मा** | **१६,००,०००/-** | |

**वडा नं. ४**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | वित्तीय जोखिम न्युनिकरण | ५०,०००/- | |
| २ | सुलिचौर बाग्मा मोटरबाटो मर्मत | १,००,०००/- | |
| ३ | देउखुरी खोला माथिल्लो कुलो मर्मत | १,००,०००/- | |
| ४ | नेपाल रेडक्रस सोसाइटी सुलिचौर उपशाखा फर्निचर खरिद | ५०,०००/- | |
| ५ | सहकारी क्षमता बिकास | ५०,०००/- | |
| ६ | पाल्लोबन खा.पा. | ६,००,०००/- | |
| ७ | देउखुरीखोला खा.पा. मर्मत | १,००,०००/- | |
| ८ | दलित कार्यक्रम | ७५,०००/- | |
| ९ | CCTV, Intercom तथा कार्यालय सामग्री जडान तथा खरिद | १,५०,०००/- | |
| १० | सामाजिक परिचालिका पारिश्रमिक | १,४५,४४०/- | |
| ११ | वडाध्यक्ष रनिंग सिल्ड संचालन | १,००,०००/- | |
| १२ | सिमल गैरा पखेराधारा खा.पा. योजना | २,००,०००/- | |
| १३ | फोहोर व्यवस्थापन | १,५०,०००/- | |
| १४ | वडा प्रोफाईल | १,००,०००/- | |
| १५ | छिर्ने झो.पु. देखि मो.बा. सम्म बाटो मर्मत | ५,०४,५६०/- | |
| | **जम्मा** | **२४,७५,०००/-** | |

**वडा नं. ५**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | भकारो सुधार र अनुदान कार्यक्रम | १,००,०००/- | |
| २ | कार्यालय व्यवस्थापन तथा संस्थागत बिकास | १,५०,०००/- | |
| ३ | लैंगिक हिंसा कार्यक्रम | १,५०,०००/- | |
| ४ | उदय आधारभूत विद्यालय मर्मत रिझा | २,५०,०००/- | |

| | | | |
|---|---|---|---|
| ५ | जिवनोद्वार आधारभूत विद्यालय मन्घा ढोका पल्ला मर्मत | १,००,०००/- | |
| ६ | बालबोध आधारभूत विद्यालय काभ्रा खा.पा. घेराबार | १,००,०००/- | |
| ८ | सुर्योदय आधारभूत विद्यालय कवालीगाउँ ढल निकास र घेराबार | १,५०,०००/- | |
| ९ | विद्यालयमा शैक्षिक तथा खेलकुद सामग्री खरिद | १,७५,०००/- | |
| १० | विद्यालयमा विधुतीय हाजिरी प्रणाली जडान | १,५०,०००/- | |
| ११ | काभ्रा छहरा र वोकसरखोला जाली विच्छाउने योजना | ६,००,०००/- | |
| १२ | पानीपोखरा कवालीगाउँ मो.बा. मर्मत योजना | ६,००,०००/- | |
| | **जम्मा** | **२५,२५,०००/-** | |

**वडा नं. ६**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | लाकुरी धौलीगाउँ हुदै सुनिल मार्ग मोटर बाटो मर्मत | ४,००,०००/- | |
| २ | सुनिल मार्ग तारजाली व्यवस्थापन | ८,००,०००/- | |
| ३ | पशु बिकास कार्यक्रम औषधि खरिद | १,००,०००/- | |
| ४ | फलफुल बिरुवा खरिद | १,००,०००/- | |
| ५ | कृषि समूह तालिम कार्यक्रम | १,००,०००/- | |
| ६ | ल्याब संचालन औषधि खरिद | १,००,०००/- | |
| ७ | बन संरक्षण समिति अभियान तथा अन्तरक्रिया कार्यक्रम | १,२५,०००/- | |
| ८ | उत्कृष्ट विद्यार्थी विद्यालय पुरस्कार, शैक्षिक सुधार तथा अन्तरक्रिया, वडा शिक्षा समिति कार्यक्रम | १,४८,०००/- | |
| | **जम्मा** | **१९,७३,०००/-** | |

**वडा नं. ७**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालय घेरबार | १०,००,०००/- | |
| २ | कृषि बिउ बिजन तथा बिरुवा खरिद वितरण कार्यक्रम | २,००,०००/- | |
| ३ | जनप्रतिनिधि, कर्मचारी अवलोकन भ्रमण | २,५०,०००/- | |
| | **जम्मा** | **१४,५०,०००/-** | |

**वडा नं. ८**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | मा.वि. अरेश तारबार तथा घेरबार | ५,६६,०००/- | |
| २ | युवा स्वरोजगार कार्यक्रम | ५,००,०००/- | |
| ३ | प्रा.वि. अखलेपोखरा तारबार तथा घेरबार | २,००,०००/- | |
| ४ | सुलिचौर-अरेश प्युठान जोड्ने मो.बा. मर्मत | ५,००,०००/- | |
| ५ | जगेडा कोष | १,००,०००/- | |
| **जम्मा** | | **१८,६६,०००/-** | |